
## सार्वजनिक यातायात



धेरै पैसा खर्च नगरि अष्ट्रेलियन शहरहरू घुम्ने उत्तम तरिका सार्वजनिक यातायात बाट हुन सक्छ ।




विभिन्न शहरहरूमा विभिन्न प्रकारका सार्वजनिक यातायातहरू छन्:

- बसहरू



- रेलहरू



- ट्रामहरू




- डुँगा वा फेरीहरू



तपाईंले सार्वजनिक यातायात प्रयोग गर्दा टिकट तपाईंसंग हुनु पर्दछ।

केहि शहरहरूमा बेच्छन्:




- तपाईंले यात्रा गर्न चाहदा प्रयोग गर्ने टिकटहरू



- क्रेडिट थप्ने यात्रा जसलाई चढ्दा वा ओर्लिदा स्वाइप गर्ने


## टिकटका प्रकारहरू




**एकतर्फी**
एक तर्फी यात्राको लागि।




**दुईतर्फी**
तपाईं यात्रा गर्न चाहेको ठाउँमा पुग्ने त्यसपछि फेरि घर आउने।




**दैनिक**
तपाईंले टिकट लिनु भएको दिनमा तपाईं कहीं पनि यात्रा गर्न सक्नु हुन्छ।




**अफ-पिक**

प्रायः राज्य र प्रान्तहरूमा तपाईं कम मूल्यमा यात्रा गर्न सक्नु हुन्छ:

- बिहान ९ र दिउँसो ३ बजेको बीचमा
- सोमबार देखि शुक्रवार बेलुकी ७ बजे पछि
- सप्ताहअन्त र सार्वजनिक बिदाहरूमा




**साप्ताहिक**

तपाईंले टिकट खरीद गर्नुभएको मितिबाट ७ दिनसम्म तपाईं कहीं पनि यात्रा गर्न सक्नुहुन्छ।




**मासिक**

केही शहरहरूमा तपाईं लामो म्याद भएको टिकट खरीद गर्न सक्नुहुन्छ ताकि तपाईंले पैसा बचत गर्न सक्नुहुनेछ।

उनीहरुले लामो समय टिक्ने टिकट बेच्न सक्छन्:

- १ महिना




- ३ महिना




- ६ महिना




- १२ महिना

# निजी यातायात

## कार किन्ने र चलाउने




यदि तपाईंको सार्वजनिक यातायातमा राम्रो पहुँच छैन भने तपाईंले आफ्नै गाडी किन्न सक्नुहुन्छ।




गाडी किन्नलाई सजिलो छ तर यसले गर्दा धेरै पैसा खर्च हुन सक्छ।




जब अष्ट्रेलियामा तपाईं आफैं गाडी किन्नु हुन्छ र चलाउनुहुन्छ तपाईले धेरै कुरा सोच्नु आवश्यक छ।




तपाईंको गाडी यस्तो हुनुपर्छ:

- तपाईंको राज्य वा प्रान्तको सडक प्राधिकरण मार्फत दर्ता गरिएको हुनुपर्छ





- एक बीमा कम्पनीसँग बीमा गरिएको

## गाडी दर्ता



तपाईले हरेक वर्ष आफ्नो कार रजिष्टर गर्नुपर्नेछ ताकि तपाईं यसलाई सडकमा चलाउन पाउन सक्नुहुनेछ।




तपाईंको दर्ता तपाईंको नम्बर प्लेटमा तपाईंको कारको अगाडि र पछि देखाइएको हुन्छ।




दर्ता नभएको गाडी चलाउनु गैर कानुनी हो।




प्रहरी कारहरूसँग स्क्यानरहरू छन् जुन तपाईंको कार रजिष्टर भएको छ कि छैन जाँच गर्न सक्दछ।

## बीमा



अष्ट्रेलियामा दर्ता भएको प्रत्येक कारको अनिवार्य तेस्रो पार्टी बीमा हुनु पर्छ।



तपाईंको कार दुर्घटना भएमा र कसैलाई चोट लागेको छ भने तपाईंको अनिवार्य तेस्रो पार्टी बीमा चाहिन्छ।



अन्य प्रकारको बीमा छ भने कार दुर्घटनाबाट भएको कुनै पनि क्षतिको भुक्तानी गर्न मद्दत गर्दछ।



तपाईंसँग भएको बीमाको आधारमा, यसले निम्न क्षतिको लागि तिर्न सक्छ:

- तपाईंको कार
- अरूको कार
- अन्य व्यक्तिको सम्पत्ति

# सवारी साधन अनुमतिपत्र पाउने तरिका



अष्ट्रेलियामा सवारी चलाउन तपाईंसँग अष्ट्रेलियको चालक लाइसेन्स हुनुपर्छ।

यदि तपाईंसँग आफ्नो देशबाट प्राप्त लाइसेन्स छ भने पनि तपाईंलाई अझै पनि अष्ट्रेलियाको लाइसेन्स चाहिन्छ।




तपाईंलाई यसो गर्न आवश्यक पर्दछ:

- सडक नियम परीक्षा
- ड्राइभिङ परीक्षा




तपाईंलाई केहि थप ड्राइभिंग प्रशिक्षण पनि गर्न आवश्यक पर्दछ।



अधिक जानकारीको लागि तपाईंले तपाईंको राज्य वा प्रान्तको सडक प्राधिकरणलाई सम्पर्क गर्नुपर्दछ।




तपाईंको केसवर्कर वा प्रस्तावकलाई सहयोगको लागि भन्नुहोस्।



तपाईंको देशबाट प्राप्त सवारी लाइसेन्स अंग्रेजीमा अनुवाद गर्नु पर्ने हुन सक्छ।

तपाईं https://translating.dss.gov.au मा गएर कागजातहरू अनुवाद गर्न अनलाइन आवेदन गर्न सक्नुहुन्छ।

तपाईलाई कुनै शुल्क लाग्ने छैन।

## मैले कसरी अष्ट्रेलियन सवारीचालक अनुमतिपत्र लिने?




अष्ट्रेलियन चालकको लाइसेन्स प्रत्येक राज्य वा क्षेत्रमा सडक प्राधिकरण द्वारा दिईन्छ।

प्रत्येक राज्यका कानूनहरू, नियमहरू र प्रतिबन्धहरू भिन्न छन्।




जब तपाईं ड्राइभ गर्न सिक्न सुरु गर्न तयार हुनुहुन्छ जब तपाईंको केसवर्कर वा प्रस्तावकलाई सम्पर्क गर्नुहोस्।





तपाईं सिकारू अनुमति लिएर ड्राइभिङ्ग सुरु गर्नुहुनेछ।

तपाईं केवल एक लाइसेन्स प्राप्त चालक वा प्रशिक्षक संग ड्राइभ गर्न सक्नुहुनेछ।




तपाईंले आफ्नो परीक्षा पास गरेपछि एक अस्थायी लाइसेन्स प्राप्त गर्नुहुनेछ।

त्यसपछि तपाईं आफैले ड्राइभ गर्न सक्नुहुनेछ।



केहि वर्ष पछि तपाईं आफ्नो पूर्ण चालकको लाइसेन्स प्राप्त गर्नुहुनेछ।

प्रत्येक प्रकारको लाइसेन्स का लागि फरक नियमहरू छन्।


## सवारी साधन चलाउँदा याद गर्नुपर्ने महत्वपूर्ण कुराहरू





यदि तपाईंले कानून तोड्नु हुन्छ भने दण्ड लागु हुन्छ।

यसमा समावेश हुन सक्छ:


- जरिवाना – एक ठुलो रकमको चार्ज



- तपाईंको लाइसेन्स फिर्ता लिईने



- जेलमा राखिने




ड्राइभर र यात्रुहरूले सधै सीट बेल्ट लगाउने गर्नुपर्दछ। यो कानुनी आवश्यकता हो।

यदि तपाईं सिट बेल्ट लगाउनुहुन्न भने दण्डहरू छन्।




बच्चाहरू:

- पछाडीको सिटमा बस्नुहोस्
- सिट बेल्ट लगाउनुहोस्
- सही उमेरको कार सीटमा बस्नुहोस् जुन तिनीहरूको उमेरको लागि सही छ




दर्ता नगरिएको गाडी नचलाउनुस्।



बिना लाइसेन्स गाडी नचलाउनुहोस्।

तपाईंको लाइसेन्स सधैं आफुसंग राख्नुहोस्।



यदि तपाईंलाई पुलिसले रोके भने उनीहरूको प्रश्नहरूको सधैँ इमान्दारीपुर्वक जवाफ दिनुहोस् ।




सबै सडक नियम र सडक चिन्ह पालना गर्नुहोस् ।



तपाईँ ड्राइभ गरिरहँदा मोबाइल फोन प्रयोग गर्न अवैध छ । यसमा समावेश छ:

- फोन गर्नु वा उठाउनु
- टेक्स्ट गर्नु
- खेल खेल्नु
- तस्विर वा भिडियो लिनु
- इन्टरनेट हेर्नु

यो पृष्ठ जानीबुझी खाली राखिएको हो

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय
आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM